का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ जेठ २०८०,
मंगलबार
6 June 2023,
Tuesday

मूल्य रू. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक १३१ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

## 'संविधानलाई ट्र्याकमा ल्याउन नागरिकता विधेयक प्रमाणीकरण'

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संविधानलाई ट्र्याकमा ल्याउन नागरिकता विधेयक प्रमाणीकरणका लागि सरकारले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष अनुरोध गरेको बताएका छन् ।

सोमबार प्रतिनिधिसभा बैठकमा सांसदले राखेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भएपछि संविधान ट्र्याकमा आएको दावी गरे ।

उनले जनताको हितलाई राखेर नै दुवै सदनबाट पारित भएको नागरिकता विधेयक प्रमाणीकरणका लागि सरकारले अनुरोध गरेको जिकिर गरे । दुवै सदनबाट विधेयक पारित गरेर पठाउँदा फेरि राष्ट्रपतिले दराजमा हाल्दिए लोकतन्त्रमाथि घात हुने खतरा समेत देखेको उनले बताए ।

उनले दुवै सदनले विधिसम्मत तरिकाले पठाएको विधेयक अर्को संसद्ले मान्दिन भन्न नमिल्ने तर्क समेत गरे । संसदको दुबै सदनले दुई पटक पास गरेर पठाएको विधेयक प्रमाणीकरण नगर्दा पनि हुने नजीर बसे भोलि के हुन्छ भन्ने पनि प्रश्न गरे । उनले अगाडि भने , 'इफ बट केही नभएको, अनिवार्य रुपमा गर्नुपर्ने प्रमाणीकरण नगरेर ठूलो संकटमा संविधान पुगेकै थियो ।'


आफ्नो नेतृत्वको सरकारले मिचिएको संविधानलाई ट्र्याकलाई ल्याउन सबभन्दा संवैधानिक उपाय के हो भनेर खोजी गरेको प्रधानमन्त्री प्रचण्डले बताए । त्यसक्रममा राष्ट्रपतिले सिधै प्रमाणीकरण गर्नुपर्छ, संसदले फेरि अगाडि बढाउनुपर्छ भन्ने मत पनि आएको उनले सुनाए ।

सरकार विधेयकको उद्गम स्थल सरकारले नै विधेयकको खोजी गर्नु उपयुक्त हुन्छ भन्ने निष्कर्षमा पुगेको प्रधानमन्त्री प्रचण्डले बताए । 'यो लजिकका आधारमा हामीले अनुरोध गर्‍यौं', संसदमा मन्त्रिपरिषद्को निर्णय पढेर सुनाएका उनले भने, 'क्याबिनेटबाट सिफारिस गरेनौं । प्रमाणीकरण गर्न अनुरोध गरेका हौं ।'

उनले अघि भने, 'राष्ट्रपतिलाई कसै न कसैले थाहा दिनुपर्‍यो । दुबै सदनबाट पास भएको थियो । दुई सदनबाट पारित भएर गएको दराजभित्र होला हेर्नुस् त भनेर सरकारले जानकारी गरायो ।'

पृष्ठ २ मा

भोलि संवैधानिक परिषदले निर्णय गर्‍यो, तर राष्ट्रपतिले फेरि होल्ड गरिदिनुभयो भने के हुन्छ हालत ? दुवैबाट पारित भएको विधेयक फेरि दराजमा गयो भने के हुन्छ ? हाम्रो लोकतन्त्रको भविष्य के हुन्छ ?



# सभामुखको व्यवहारमाथि आशंका

प्रधानमन्त्रीको जवाफको बीचमा सांसदहरुलाई वादविवाद गर्न दिनु र प्रधानमन्त्रीले वक्तव्य दिएर त्यसउपर पनि स्पष्टीकरण दिइसकेपछि प्रमुख विपक्षी दलको नेतालाई सोही विषयमा बोल्न दिनु सभामुख घिमिरेको आशंकायुक्त व्यवहार हो ।



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

सोमबार प्रतिनिधिसभामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणको सन्दर्भमा सार्वजनिक महत्वको विषयमाथि छलफल थियो । उक्त छलफलका क्रममा सभामुख देवराज घिमिरेले गरेका कतिपय व्यवहारलाइ लिएर सत्तारुढ दलका सांसदहरुले आशंका प्रकट गरेका छन् ।

नेताहरुका अनुसार खासगरी, प्रधानमन्त्रीको जवाफको बीचमा सांसदहरुलाई वादविवाद गर्न दिनु र प्रधानमन्त्री वक्तव्य दिएर त्यसउपर पनि स्पष्टीकरण दिइसकेपछि प्रमुख विपक्षी दलको नेता केपी शर्मा ओलीलाई सोही विषयमा बोल्न दिनु सभामुख घिमिरेको आशंकायुक्त व्यवहार हो ।

प्रधानमन्त्रीको सम्बोधव अगावै सुरुमै नेकपा एमालेका सचिव समेत रहेका प्रतिनिधिसुभा सदस्य योगेश भट्टराईले प्रधानमन्त्रीको भारत भ्रमणको विषयमा पार्टीको तर्फबाट बिभिन्न सवालहरु राखेका थिए। साथमा नागरिकता ऐन संशोधन विधेयक राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको विषयलाई समेत आपत्तिजनक विषयको रुपमा प्रस्तुत गरेका थिए ।

सार्वजनिक महत्व प्रस्तावउपर सम्बोधन गर्दा प्रधानमन्त्री प्रचण्डले पनि नागरिकता विधेयकको विषयमा आफ्ना कुरा राखे । एमालेले नागरिकता विधेयक प्रमाणीकरणको प्रक्रियाको को विषयमाथि प्रश्न उठाएका थियो । प्रधानमन्त्रीले विषयवस्तुमा सबै एकै ठाउँ रहेको भन्दै विगतमा एमाले नेतृत्वको सरकारको पालामा जारी भएको अध्यादेशको विषयवस्तु सुनाएका थिए ।

नागरिकता सम्बन्धी विषयलाई लिएर संसदमा प्रधानमन्त्री बोलिरहँदा सांसदहरुले होहल्ला गरे, सभामुखले पनि सत्तापक्ष र प्रतिपक्षका सांसदहरुलाई बोल्न दिँदा वादविवाद गर्ने वातावरण बन्यो ।

संसद सचिवायका एक पूर्व अधिकारी सभामुखले सत्तापक्ष वा प्रतिपक्षमध्ये कसैलाई राजनीतिक रुपमा फाइदा हुने गरी भूमिका निर्वाह गर्न खोजेको अभास भएको बताउँछन् । यस्तो गरियो भने संसदकै गरिमामा आँच आउने र संसदीय अभ्यास विकृत हुने उनको भनाइ छ ।

'मर्यादित रुपमा नियमावली अनुरुप बैठक सञ्चालन हुनुपर्नेमा बलजफती अभद्र तरिकाले बीचमै प्रक्रिया तोडमोड गर्ने जुन प्रकारको आचरण र व्यवहार सांसदहरुमा देखिन्छ, त्यो निन्दनीय छ,'

पृष्ठ २ मा

जानकारहरुका अनुसार तोकिएको विषयमा प्रस्तुतकर्ताले आफ्ना भनाइ राखेपछि सांसदले प्रश्न गर्न पाउँछन् । तर सम्बन्धित प्रस्तुतकर्ताले जवाफ दिइसकेपछि कुनै पनि सुविधाका आधारमा त्यस विषयमा सोही दिन फेरि संसदमा कसैले आफ्ना धारणा राख्नु संसदीय अभ्यासमा राम्रो मानिँदैन ।

## 'सीमा समस्यामा जमिन लेनदेनको कुरा उठ्नु दुर्भाग्य'

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका संसदीय दलका नेता केपी शर्मा ओलीले प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण फितलो भएको टिप्पणी गरेका छन् ।

सोमबार प्रतिनिधि सभाको बैठकमा बोल्दै उनले सीमा समस्या समाधानको सवालमा जमिन लेनदेनको कुरा उठ्नु दुर्भाग्य भएको बताए । प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणकै समयमा बंगलादेश जाने बाटोसँग लिपुलेक लिम्पियाधुरा सट्टापट्टा गर्ने कुरा आएको उनले दाबी गरे । उनले बंगलादेशसम्म आवागमन हुने बाटो अहिले पनि चलिरहेको र कसैले पनि बाटो प्रयोग गर्न नरोकिएको बताए ।


'यो कुरा पहिले नै टुंगिएर बंगलादेश, भुटान, भारत, नेपाल यी चार देशको संगठन जस्तो बिबिआइएन बनेको थियो । ढुवानी र आवागमनका लागि सहमतिहरू पनि भए । कार्यान्वयनका बेला भुटान पछि हट्यो । पछि बिआइएनमात्रै भन्न थालियो' उनले भने ।

सीमा विवाद समाधानको बंगलादेश मोडेल ठिक नरहेको बताउँदै उनले भारत र बंगलादेशले आफ्नो छुटेको जग्गा आपसमा लेनदेन गरे पनि नेपाल र भारतबीच जमिन सट्टा पट्टा हुन नसक्ने बताए ।

'बंगलादेश जाने बाटोसँग लिपुलेक-लिम्पियाधुरा सट्टापट्टा गर्न सकिने कुराले देश तरंगित छ । सश्वर आएको छ' उनी भन्छन्, 'बंगलादेश जाने बाटो या पारवहनको सुविधा सट्टापट्टाको विषय होइन, त्यो अधिकारको विषय हो ।'

एमाले अध्यक्ष ओलीले बंगलादेश मोडलमा भूमि लेनदेन नभएको दोहोर्‍याए । 'कुनै पनि देशको सरकारलाई आफ्नो जमिन अर्कालाई दिने अधिकार हुँदैन, संविधानमा हुन सक्ने कुरा होइन, कहीँको संविधानमा पनि यस्तो हुँदैन, यस्तो कुरा उठ्नु दुर्भाग्य हो' उनले भने ।

'बंगलादेश जाने बाटो या पारवहनको सुविधा सट्टापट्टाको विषय होइन, त्यो अधिकारको विषय हो ।'



### वैदेशिक रोजगार विशेष

## अनधिकृत विज्ञापनको भर परेर विदेश नजान विभागको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ

वैदेशिक रोजगार विभागले आकर्षक तलब सुविधाको प्रलोभन देखाउँदै भिजिट भिसामा विभिन्न मुलुकमा कामदार पठाएर ठगी गर्ने क्रम व्यापक बनेको भन्दै त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

वैदेशिक रोजगारमा कामदार पठाउन अनुमति नलिएका एजुकेसन कन्सल्ट्यान्सीलगायतबाट लाखौं राहदानी होल्ड गरी करोडौं रकम लिएको सार्वजनिक भएको अवस्थामा विभागका निर्देशक गुरूदत्त सुवेदीले सोमबार विज्ञप्ति जारी गर्दै उक्त आग्रह गरेका हुन् ।

विभागले विज्ञप्तिमा कन्सल्ट्यान्सी, व्यक्तिगत मोबाइल नम्बर, फेसबुक, युट्युबलगायतका सूचना प्रविधिको प्रयोग गरी फिलिपिन्स, इजरायल, माल्टा आदि देशहरूमा आकर्षक तलब सुविधाको प्रलोभन देखाउने, ठूलो रकम असुल गर्ने र अवैध ढंगबाट ती मुलुकमा पठाइ अलपत्र बनाउने गरेका घटना बढ्दै गएको उल्लेख गरेको छ ।

प्रलोभन देखाइ कामदारबाट ठूलो रकम असुल गरी ठग्ने प्रवृत्तिले वैदेशिक रोजगारमा ठगी मुद्दा बढ्दै गएको भन्दै विभागले कतिपय बिना प्रमाणका उजुरीका मुद्दाले पीडितलाई समयमा न्याय प्रदान गर्न कठिनाइ भएको पनि बताएको छ ।

शैक्षिक परामर्श संस्था, ट्राभल एजेन्सी र तालिम संस्थाबाट वैदेशिक रोजगार आकांक्षी युवायुवती ठगिने गरेका छन् । लाखौं रकम ठगिएकाहरूले प्रमाण नहुँदा लामो समय विभाग धाउँदा पनि ठगिएको आफ्नो रकम फिर्ता पाउन सकेका छैनन् ।

ठगीका प्रवृत्तिहरू पनि फरक-फरक देखिएको भन्दै विभागले इजाजतपत्र प्राप्त संस्था अर्थात म्यानपावर कम्पनीमार्फत वैधानिक प्रक्रिया पूरा गरेरमात्र वैदेशिक रोजगारीमा जान आग्रह गर्दै ठगीका घटनाका सम्बन्धमा जानकारी भएमा विभागलाई सूचना दिएर सहयोग गर्नसमेत अनुरोध गरेको छ ।

विदेशमा उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीहरूलाई सहजीकरण

पृष्ठ २ मा

### उच्चपदस्थको भ्रमण

## सधैं कूटनीतिक मर्यादाको उल्लंघन

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणका क्रममा कूटनीतिक मर्यादा उल्लंघन भएको भन्दै सडकदेखि सदनमा समेत विरोध भएको छ । प्रधानमन्त्री प्रचण्डले परराष्ट्रका अधिकारीलाई राख्नुपर्ने स्थानमा छोरी गंगा दाहाललाई राखेको र प्रधानमन्त्रीलाई नभेटी सचिव र सुरक्षा सल्लाहकारलाई भेटेर अन्तराष्ट्रिय कूटनीति मर्यादाको उल्लंघन गरेको भन्दै विरोध भएको हो । सोमबार संवसद बैठकमा बोल्दै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले छोरी फर्स्ट लेडी नहुने टिप्पणी गरेका हुन् ।

'प्रधानमन्त्रीको भ्रमणमा प्रोटोकल भद्रगोल भयो, छोरी फर्स्ट लेडी हुँदैनन्, प्रोटोकल यस्तो भद्रगोल गर्न हुँदैन । वार्तामा परराष्ट्रमन्त्री, सचिव, शिष्टाचार महापाल, नोट मेकर हुनुपर्छ । परराष्ट्रमन्त्री कता छन् थाहा छैन, अर्थमन्त्री कता हुन्, नेताहरु कता हुन्, छोरीलाई सँगै राख्नुभएको छ । मन्त्री र सचिव छैनन्' ओलीले भने । काठमाडौंमा हुने विदेशस्तरीय भेटमा समेत कूटनीतिक मर्यादाको पालना नगरि छोरीलाई अघि सार्ने प्रचण्डले भारत भ्रमणमा पनि सोही कार्य दोहोर्‍याए । जबकी प्रचण्ड स्वयंले नै कूटनीतिक भेटघाटमा परराष्ट्रका कर्मचारी अनिवार्य हुनुपर्ने मापदण्ड बनाएका थिए ।

'प्रधानमन्त्री प्रचण्डले भारत भ्रमणको आरम्भमा नै भारतीय सुरक्षा सल्लाहकार र सचिवस्तरका कर्मचारीहरूसँग वार्ता गरेर अन्तर्राष्ट्रिय कूटनीतिक अभ्यास र पदीय मर्यादाको उल्लंघन गर्नुभएको छ । प्रचण्ड समकक्षी प्रमसँग वार्ता गर्न जानुभएको हो कि भारतीय कर्मचारीसँग अफसोच, देशको झुकेको शीर !' नेकपा एमालेका नेता डा. भीम रावलले प्रश्न गरेका छन् । सामान्य शिष्टाचारमा समेत प्रश्न उठ्ने गरी छोरी दाहाल हाबी हुँदा समेत परराष्ट्र मन्त्रालय यसमा निरीह बनेको छ ।

भारतमा हुने कतिपय भेटघाटले नेपालको राजनीतिलाई नै दूरगामी प्रभाव पारेका दृष्टान्त छन् । प्रधानमन्त्री प्रचण्डको मात्रै होईन, राष्ट्रपति विद्यादेवी भण्डारी, पूर्वप्रधानमन्त्री केपी ओली र विभिन्न समयमा भएका भीआइपीको भ्रमणमा कूटनीतिक मर्यादाको उल्लंघन हुँदै आएको छ । कहिले लगाउने विषयमा, त कहिले खाने विषयमा र कतिपय अवस्थामा भेटघाट समेत प्रोटोकल नमिलाई हुँदै आएको छ । पूर्वराष्ट्रपति विद्या भण्डारी विभिन्न देशहरूले कतारमा लामो समयदेखि नाकाबन्दी लगाएका बेला उक्त देशको भ्रमण गरेको भन्दै आलोचना भएको थियो । त्यस्तै, प्रधानमन्त्री

पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२३ जेठ २०८०, मंगलबार
6 June 2023, Tuesday

# महिला प्रधानाध्यापक जसले बनाइन् नमुना विद्यालय

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २२ जेठ

महिलाले पनि अवसर पाएमा केहि गर्न सक्छन् भन्ने उदाहरण बनेकी छन् रौतहटको एक सामुदायिक विद्यालयकी प्रधानाध्यापक रिंकु यादव । उनकै नेतृत्वमा सञ्चालन भएको स्कुल अहिले नमुना बनेको छ ।

गरूडा नगरपालिका वडा नम्बर ७ भिमडाबरमा रहेको श्री प्राथमिक विद्यालय रिंकुकै नेतृत्वमा सञ्चालन भइरहेको छ । वि.स.२०६६ सालमा स्थापना भएको उक्त विद्यालयमा स्थापना कालदेखि नै रिंकु नै प्रधानाध्यापक बनेकी छन् ।

विद्यालयको शैक्षिक वातावरण, सिकाइ उपलब्धी, व्यवस्थापन, छात्रछात्रा र अभिभावकसँगको समन्वयले विद्यालयलाई नमुना बनाउन सफल भएको उनले बताइन् । उनले भनिन्, 'प्रधानाध्यापक भएपछि जिम्मेवारी, कर्तव्य र उत्तरदायित्व बढी हुँदोरहेछ ।'




विद्यालयलाई शिक्षक, अभिभावक र विद्यार्थीको त्रिकोणात्मक सम्बन्धमार्फत शिक्षण सिकाई प्रभावकारी बनाउने उनले दावी गरिन् ।

हाल विद्यालयमा प्रअसहित ३ जना शिक्षक रहेका छन् । जसमा १ जना बालविकास सहजकर्ता र एक जना विद्यालय कर्मचारी रहेको उनले बताइन् ।

उनले अहिले विद्यालयमा भौतिक संरचनाहरु अभाव रहेको बताइन् । आफूहरु विद्यालयमा सबैभन्दा पहिले भौतिक संरचना निमार्णको काम गर्ने योजनामा रहेको बताइन् । अबका दिन अझै शैक्षिक गुणस्तर बढाउँदै लैजाने उनले बताइन् । विद्यालयमा २ सय १९ जना विद्यार्थीले अध्ययन गरिरहेका छन् ।

महिलाले नेतृत्व गरेको विद्यालयमा केहि चुनौतिहरु रहेपनि राम्रा परिकल्पनाका साथ अगाडि बढेको यादवले बताइन् । उनले विद्यालयलाई बालमैत्री, नमुना विद्यालय बनाउन स्थानीय सरकारको साथ र सहयोगको अपेक्षा राखिन् ।

# 'प्रथम देवदह मिडिया फेस्टिभल'को तयारी तीव्र

**मध्यान्ह संवाददाता**
रुपन्देही, २२ जेठ




रुपन्दीहीको देवदहमा 'प्रथम देवदह मिडिया फेस्टिभल' आयोजना हुँदै छ । देवदह प्रेस क्लबको आयोजनामा जेष्ठ २४ देखि २६ गतेसम्म ३ दिन मिडिया फेस्टिभल आयोजना हुन लागेको हो । प्रेस क्लबले सोमबार पत्रकार सम्मेलन आयोजना गरेर 'प्रथम देवदह मिडिया फेस्टिभल'को तयारी तीव्र पारिएको जानकारी दिएको छ ।

मोफसल तथा राष्ट्रिय पत्रिकाका सम्पादक, रेडियो, टेलिभिजन, अनलाइनका सम्पादक तथा लेखक, पर्यटन, कृषि, सहकारी, वन तथा कानूनका ज्ञाता, जनप्रतिनिधि र विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागितामा बुद्धको मावलीस्थल देवदहमा तीन दिवसीय मिडिया फेस्टिभल आयोजना गर्न लागिएको क्लबका अध्यक्ष विष्णुप्रसाद पोखरेलले जानकारी दिए ।

उक्त कार्यक्रमले लुम्बिनीसँगै देवदहको पर्यटन विकासमा सहयोग पुग्ने अध्यक्ष पोखरेलले बताए । कार्यक्रम अवधिभर फरक-फरक सेसन बनाएर मिडियाको वर्तमान अवस्था, समाजमा सकारात्मक परिवर्तनका निमित्त मिडियाको भूमिका, वन ,पर्यटन, कृषि तथा सुशासनका विषयमा साक्षात्कार गरिने अध्यक्ष पोखरेलले बताए ।

कार्यक्रमलाई सफल बनाउन विभिन्न उपसमिति बनाएर जिम्मेवारी दिइएको क्लबका सचिव निर्मल थापाले जानकारी दिए । जसअन्तर्गत संस्थाका अध्यक्ष पोखरेल संयोजक र उपाध्यक्ष कमला अर्याल सह-संयोजक रहने गरी मूल आयोजक समिति गठन गरिएको छ । त्यसैगरी संस्थाका सचिव थापाको संयोजकत्वमा सचिवालय गठन गरिएको छ । सचिवालयको सह-संयोजकमा धनिकुमारी पन्थी रहेकी छन् ।

त्यसैगरी संस्थाका सहसचिव ध्रुव लामिछानेको संयोजकत्वमा पत्राचार तथा सम्पर्क, कोषाध्यक्ष मिनबहादुर अछामी रानाको संयोजकत्वमा आर्थिक विभाग, रेशम अधिकारीको संयोजकत्वमा सूचना तथा प्रचार प्रसार, ललिता घिमिरेको संयोजकत्वमा अतिथि सत्कार, नविन लुईंटेलको संयोजकत्वमा छपाई तथा फ्रेमिङ उप समिति गठन गरिएको सचिव थापाले बताए ।


मिडिया फेस्टिभल सफल बनाउनका लागि विभिन्न समन्वय समिति समेत गठन गरिएको छ । जसअन्तर्गत संस्थाका सल्लाहकार सिद्दिचरण भट्टराईको संयोजकत्वमा स्थानीय तह तथा लुम्बिनी विकास कोष समन्वय समिति, पवन पौडेलको संयोजकत्वमा सहकारी तथा होटल व्यवसायी समन्वय समिति, रमेशकुमार पोखेलको संयोजकत्वमा सामुदायिक वन तथा सामाजिक संघ संस्था समन्वय समिति, टकबहादुर सुनारको संयोजकत्वमा पत्रकार महासंघ तथा प्रेस क्लब समन्वय समिति, झविन्द्र देवकोटाको संयोजकत्वमा सम्पादक तथा मिडिया हाउस समन्वय समिति, निर्मल ढुंगानाको संयोजकत्वमा सामुदायिक विद्यालय समन्वय समिति, रामबहादुर गुरुङको समन्वयमा निजी विद्यालय समन्वय समिति, दिपक न्यौपानेको संयोजकत्वमा जनप्रतिनिधि, राजनीतिक दल तथा संघ संगठन समन्वय समिति र प्रेम थापाको संयोजकत्वमा जातीय तथा सांस्कृतिक संघ संस्था समन्वय समिति गठन गरिएको छ ।

# 'सफा हिमाल अभियान' : ३५ हजार ७ सय किलो फोहोर संकलन

**काठमाडौं/मस**–'सफा हिमाल अभियान' अन्तर्गत यस वर्ष ३५ हजार सात सय किलो फोहोर संकलन भएको छ । नेपाली सेनाको अगुवाइमा चैतको अन्तिम सातादेखि ५५ दिनसम्म सगरमाथा, ल्होत्से, अन्नपूर्ण र बरुञ्चे हिमालमा अभियान सञ्चालन भएको थियो ।

प्रधानसेनापति प्रभुराम शर्माले सैनिक मुख्यालय जंगी अड्डामा सोमबार आयोजित समापन समारोहमा ती हिमाल सफाइ अभियानका टोली प्रमुख र सहयोगी शेर्पालाई कदरपत्र प्रदान गरे । उक्त सफाइ टोलीमा संलग्न फूर्वा शेर्पा र आङ्गामी शेर्पाको भने हिमाल आरोहणपछि फर्कने क्रममा निधन भएको थियो । प्रधानसेनापति शर्माले सो अवसरमा उनीहरूका प्रतिनिधिलाई कदरपत्र प्रदान गर्दै दुवैका सन्ततिलाई १२ कक्षासम्म पढाइका लागि लाग्ने सम्पूर्ण खर्च सेनाले व्यहोर्ने घोषणा गरे । वातावरण दिवसका अवसरमा आयोजित उक्त कार्यक्रममा हिमाल आरोहणका क्रममा ज्यान गुमाउनको आत्माको चिरशान्तिको कामना गर्दै लामा गुरुले शान्ति पाठ गरे ।

कार्यक्रममा प्रधानसेनापति शर्माले विकट र प्रतिकूल अवस्थामा पनि फोहोर संकलन र आरोहणको साहसिक कार्य पूरा गरेको भनी




अभियानमा संलग्न सबैमा धन्यवाद ज्ञापन गरे । उनले भने, 'अभियान प्रकृति र पर्यावरण जोगाउने कार्यसँग जोडिएको छ, प्रकृति संरक्षणको विषय तत्काल लाभ नदेखिए पनि भावी पुस्ताका लागि ठूलो सम्पत्ति हुनेछ, आफूले गरेको फोहोर आफैंले व्यवस्थापन गर्ने कार्यलाई कडाइका साथ लागू गर्नुपर्छ ।'

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले मानिसको जीवन पद्धतिसँग जोडिएको तथा प्रकृतिको दीगोपन र पर्यावरण जोगाउनुपर्छ भन्ने उद्देश्य रहेको अभियानलाई निरन्तरता दिन आवश्यक रहेको बताए ।

नेपाली सेना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण निर्देशनालय प्रमुख सुन्दरकुमार पाण्डेले हिमालको स्वच्छता कायम गर्ने उद्देश्यले सञ्चालन भएको अभियानमा सरकारी तथा गैरसरकारी संस्थाबाट महत्त्वपूर्ण साथ सहयोग प्राप्त भएको बताए । हिमाल सफाइ कार्य जटिल र साहसिक भएको जनाउँदै उनले हिमाललाई वातावनुकूलित तुल्याउने पहिलो शर्त रहेको बताए । अभियान सञ्चालनका क्रममा स्थानीय शेर्पाले केही समय भए पनि रोजगारी प्राप्त गरेको तथा अरु आरोहीलाई पनि उत्प्रेरणा प्राप्त भएको सो अवसरमा जानकारी दिइएको थियो ।

नेपाल वातावरण पत्रकार संघका अध्यक्ष रोशनी अधिकारीले वातावरण संरक्षण र हिमालको सुन्दरता कायम राख्ने सिलसिलामा सञ्चालन भएको अभियान फोहोर संकलन र पर्यावरण संरक्षणका लागि प्रचारप्रसारका हिसाबले महत्त्वपूर्ण सावित हुने धारणा व्यक्त गरिन् ।

सफा हिमाल अभियानका क्रममा बिरामी भएका छमध्ये चार जनाको अहिले भारतको मुम्बईमा उपचार भइरहेको छ । अभियानबाट जैविक विविधता र पर्यावरण संरक्षणमा ठूलो योगदान पुग्ने विश्वास लिइएको छ । सेनाले सन् २०१९ बाट शुरु गरेको सफा हिमाल अभियानका क्रममा हालसम्म एक सय नौ टन फोहोर संकलन भइसकेको छ ।

सफा र स्वच्छ वातावरणसहितको पृथ्वी भावी पुस्तालाई हस्तान्तरण गर्नु आजको चुनौती भएको त्यसमा संलग्न व्यक्तिले प्रतिक्रिया दिएका छन् । पर्यटन व्यवसायी लाक्पा सोनाम शेर्पाले जलवायु परिवर्तनबाट उत्पन्न संकटबाट प्रभावित हिमालको ओज र चमक कायम राख्न अभियान कोसेढुंगा सावित हुने धारणा व्यक्त गरे । सो अवसरमा अभियानमा संलग्न विभिन्न क्षेत्रमा महानुभावलाई प्रधानसेनापति प्रशंसा पदक प्रदान गरिएको थियो ।

# जुम्लाको तातोपानी ४ रातेखोलाको औद्योगिक ग्रामको डीपीआर हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ

जुम्लाको तातोपानी गाउँपालिकाको रातेखोलाको औद्योगिक ग्रामको डीपीआर हुने भएको छ ।

तातोपानी गाउँपालिका वडा नम्बर ४ स्थित रातेखोलाको औद्योगिक ग्रामको डीपीआर हुने भएको हो ।

स्थानीय स्रोत साधनको सदुपयोग गर्दै स्थानीय तहमा नै रोजगारी सिर्जना, जीविकोपार्जन र गरिबी निवारणका लागि औद्योगिक ग्रामको भूमिका महत्वपूर्ण हुने भएकाले छिटै डीपीआर गर्न लागिएको गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए ।

सरकारले औद्योगिक ग्राम स्थापना गरी युवाहरुलाई रोजगारी तथा आत्मनिर्भर बनाउने योजना अनुसार मुलुकभरका आठ वटा स्थानीय तहमध्ये जुम्लाको तातोपानी गाउँपालिका ४ छनोटमा परेको थियो ।

सो औद्योगिक ग्रामको डीपीआर गर्ने तयारी गरेको अध्यक्ष चौलागाईंले मध्यान्हलाई जानकारी दिए । सोमबार तातोपानी गाउँपालिकाले आयोजना गरेको औद्योगिक ग्रामको सुझाव संकलन कार्यक्रममा बोल्दै अध्यक्ष



चौलागाईंले भौतिक पूर्वाधार व्यवस्था, विद्युत, यातायत, पानी, सञ्चार, फोहोर मैला तथा ढल व्यवस्थापन पालिकाले गर्ने बताए । त्यस्तै स्थानीय स्तरको कच्चा प्रदार्थ, स्रोत साधनको प्रयोग हुने र स्थानीयवासीले रोजगारी पाउने उद्देश्यले फलफुल प्रशोधन उद्योग, पानी प्रशोधन उद्योग, काष्ठकला उद्योग, जडिबुटी प्रशोधन उद्योग, वेमौषमी तरकारी खेती लगायतको उद्योगहरु सञ्चालनहरुको डीपीआर तयार गरेर औद्योगिक ग्रामका मापदण्डमा टेकेर काम अगाडि बढाइने उनले बताए । त्यस्तै आवश्यक निश्चित मापदण्ड तय गरेर नेपाल सरकार र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले २०७९ भदौ १० गते औद्योगिक ग्राम स्थापनाको लागि सार्वजनिक सूचना जारी गरेको थियो ।

मन्त्रालयको सूचनाको आधारमा चाहिने सबै प्रक्रिया पूरा गरी गाउँ कार्यपालिकाको निर्णयबाट वडा नं. ४ लाई छनौट गरी पालिकाले औद्योगिक ग्राम स्थापनाका लागि मन्त्रालयमा प्रस्ताव पेश गरेको आधारमा औद्योगिक ग्राम स्थापना भएको तातोपानी गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष अमर रोकायाले बताए ।

सो वडाको रातेखोलामा रहेको करिब १५ हजार ८८२ वर्गमिटर क्षेत्रफलमा रहेको सार्वजनिक जग्गामा औद्योगिक ग्राम स्थापनाका लागि नेपाल सरकारको मन्त्री परिषद्को गत फागुन ४ को निर्णयबाट स्वीकृत भइ पारित भएको वडाध्यक्ष रोकायाले जानकारी दिए । स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी यहाँका स्थानीयवासीको रोजगारी सिर्जनामा टेवा पुग्ने वडाध्यक्ष रोकायाले बताए ।

# अत्यधिक गर्मीका कारण जनजीवन कष्टकर, किसान चिन्तित

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ जेठ

रौतहटमा अत्यधिक गर्मीका कारण जनजीवन प्रभावित बनेको छ । पानी नपर्ने र चर्को घामले गर्दा गर्मी बढ्नुका साथै तातो हावा चल्दा जनजीवन कष्टकर बनेको हो । यमुनामाई गाउँपालिका वडा नम्बर ४ का सुधिर रामले गर्मीका कारण केहि दिनदेखि जनजीवन प्रभावित भएको बताए । उनले गर्मीका कारण गरिखाने किसानहरु बढी समस्यामा परेको बताए । उनले देशमा



तीन तहको सरकार रहेपनि किसानको पक्षमा काम नगरेको बताए ।

उनले भने, 'खैं सरकारले किसानको समस्या बुझेको । प्रत्येक वर्षको बजेट भाषणमा किसानका लागि बजेट छुट्याइएको हुन्छ । तर छुट्याइएको बजेट खोइ ? किसानको समस्या ज्यूँको त्यहि छ ।'

देवाही गोनाही नगरपालिकाले गत वर्ष २०७९।०८० को बजेटमा नगरभित्र गरिने कृषि पेशालाई वैज्ञानिक ढंगबाट व्यवस्थापन गरिने उल्लेख गरेको थियो ।

आधुनिक र व्यवसायिक फर्म सञ्चालन गर्न कृषकलाई प्रोत्साहन गर्ने नीति निर्माण गरिने, सिँचाई व्यवस्थापनका साथ भौतिक पूर्वाधार निर्माण गर्ने जस्ता योजनाहरु ल्याएको थियो । तर ति योजनाहरु कार्यान्वयन नभएको उनले बताए ।

उनले गर्मीका कारण सिँचाइको अभाव हुँदा किसानले लगाएको तरकारी, फलफुल बालीहरू सुक्न थालेको बताए । तापक्रम वृद्धि हुँदा पशु चौपायाहरु बढी प्रभावित भइरहेको उनले बताए । पानी नपर्दा धानको बीउ राख्न नसक्दा किसानहरु चिन्तित देखिएका छन् ।

## संविधानलाई...

यो विधेयकको स्थिति विशिष्ट रहेको भन्दै उनले यत्तिकै छाड्दा भोलि लोकतन्त्र र संविधान नै खतरामा पर्ने जोखिम रहेको भनी प्रश्न गरेका छन् । प्रधानमन्त्री प्रचण्डले अगाडि भने, 'भोलि संवैधानिक परिषदले निर्णय गर्यो, तर राष्ट्रपतिले फेरि होल्ड गरिदिनुभयो भने के हुन्छ हालत ? दुबैबाट पारित भएको विधेयक फेरि दराजमा गयो हुन्छ के ? हाम्रो लोकतन्त्रको भविष्य के हुन्छ ?'

अहिले त्यो विधेयक प्रमाणीकरण नगर्ने हो भने राष्ट्रपतिले भोलि मन लागे प्रमाणीकरण गरिदिने, मन नलागे नगरिदिने हो भने संविधान र लोकतन्त्रमाथि घात हुने प्रक्रिया सुरु हुने सरकार र गठबन्धनको बुझाइ रहेको उनले बताए । प्रधानमन्त्रीले अगाडि भने, 'सरकारले स्मरण गराएर (नागरिकता विधेयक) प्रमाणीकरण गरिदिएपछि अब ट्र्याकमा आयो भन्ने हाम्रो बुझाइ छ ।'

## सभामुखको...

उनले भने । प्रतिनिधिसभा नियमावली २०७९ को नियम २५ मा छलफलको समाप्ति सम्बन्धी व्याख्या । नियम २५ को उपनियम १ मा भनिएको छ, 'यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रस्ताव प्रस्तुतकर्ता सदस्यले उत्तर दिइसकेपछि छलफल समाप्त भएको मानिने छ ।'

तर, प्रधानमन्त्री प्रचण्डले भारत भ्रमण र अन्य समसामयिक विषयमा उठेका प्रश्नको जवाफ दिइसके लगत्तै सभामुख घिमिरेले प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीलाई बोल्नका लागि समय दिए । ओलीले प्रधानमन्त्रीको भारत भ्रमणकै विषयमा केन्द्रित रहेर लामो आलोचनात्मक अभिव्यक्ति दिए ।

सांसदले उठाएका प्रश्नको जवाफ दिइसकेपछि फेरि तिनै विषयमा प्रमुख प्रतिपक्षी दलको नेतालाई लगत्तै आफ्ना धारणा राख्न लामो समय प्रदान गर्नुमा सभामुखको नियत्त के हो भनी प्रश्न उठेको हो । सभामुख घिमिरे प्रतिनिधिसभामा नेकपा एमालेका तर्फबाट निर्वाचित भएका थिए ।

प्रमुख प्रतिपक्षी दलको नेताले छलफल समाप्त भइसकेको विषयमा लगत्तै बोल्न समय माग गर्नु र सभामुखले छलफल समाप्त भएको विषयलाई अल्झाएर प्रमुख प्रतिपक्ष दलको नेतालाई बोल्न समय दिनु संसदीय अभ्यासमा निष्पक्ष नमानिने संसदीय मामलाका जानकारहरु बताउँछन् ।

कुनै विषयमा छलफल तोकिएको छ, उक्त विषयमा प्रस्तुतकर्ताले आफ्ना भनाइ राखेपछि सांसदले प्रश्न गर्न पाउँछन् । तर सम्बन्धित प्रस्तुतकर्ताले जवाफ दिइसकेपछि कुनै पनि सुविधाका आधारमा त्यस विषयमा सोही दिन फेरि संसदमा कसैले आफ्ना धारणा राख्नु संसदीय अभ्यासमा राम्रो मानिँदैन् ।

संसदीय मामिलाका जानकारहरु सभामुखले कुनै दल आफ्नो हो भनेर विशेष अवसर प्रदान गरे त्यसले संसदीय मर्यादामा आँच ल्याउने बताउँछन् । ।

बैठकमा बोल्न कसलाई समय दिने भन्ने सभामुखको तजबिजको विषय हो । तर आफ्नो पार्टी हो र अर्कोको पार्टीको नेता हो भन्ने विषय सभामुखलाई लाग्ने र त्यस अनुसार सुविधा प्रदान गरिनु उचित नरहेको सरोकारवालाहरु बताउँछन् ।

माओवादी केन्द्रका सचिव तथा सांसद देवेन्द्र पौडेल सभामुखले प्रतिनिधि सभा बैठकलाई संसदीय प्रक्रियाभन्दा बाहिर गएर चलाएको आोप लगाउँछन् ।

प्रतिनिधिसभा बैठकपछि सांसद पौडेलले प्रधानमन्त्रीको सम्बोधनपछि प्रमुख प्रतिपक्ष दलका नेतालाई सम्बोधन गर्न दिनु संसदीय प्रक्रिया र स्थापित मूल्य, मान्यता बाहिर भएको बताएका हुन् । उनले प्रधानमन्त्रीको कुरालाई खण्डन गर्न सभामुखले तत्कालै प्रतिपक्ष दलका नेतालाई समय दिनु संसदीय प्रणाली र प्रक्रिया विपरीत भएको बताएका हुन् ।

## अनधिकृत...

गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृति लिएका शैक्षिक परामर्श संस्थाहरूले अप्रत्यक्षरूपमा वैदेशिक रोजगारीमा कामदार पठाउने भन्दै लाखौं रकम असुलेर ठगी गरिरहेका छन् । वैदेशिक रोजगारीमा पठाइदिने भन्दै लाखौं रुपैयाँ ठगी गरेर शैक्षिक परामर्श संस्थाका सञ्चालक नै फरार हुने गरेको उजुरी दिनहुँ पर्ने गरेको विभागको भनाइ छ ।

शैक्षिक परामर्श संस्थाले रोजगारीका नाममा लाखौं रकम असुल्ने गरेको पाइएपछि यसलाई रोक्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गृह मन्त्रालय र शिक्षा मन्त्रालयसँग समन्वय गरिरहेको बताएको छ । वैदेशिक रोजगार ऐनमा प्रावधान नहुँदा रोजगारीको प्रलोभनमा पारी ठग्ने शैक्षिक परामर्श संस्था, ट्राभल एजेन्सी र अन्य संस्था तथा व्यक्तिहरूलाई कारबाही गर्न समस्या भइरहेको विभागको भनाइ छ ।

कतिपय लेनदेन तथा अन्य ठगीलाई वैदेशिक रोजगारी भन्ने शब्द जोडेर पनि विभागमा उजुरी आउने गरेका कारण उजुरीको संख्या अनपेक्षितरूपमा धेरै देखिएको विभागका सूचना अधिकारी सुवेदी बताउँछन् ।

## उच्चपदस्थको...

रहेका समयमा भारतीय गुप्तचर संस्थाका अधिकारीसँग घण्टौं वार्ता गरेर केपी ओलीले कुटनीतिक मर्यादाको उल्लंघन गरेको विषयलाई लिएर पनि लामो समय आलोचना भएको थियो । तरपनि, नेपालका उच्चपदस्थहरु कुटनीतिक मर्यादा उल्लंघन हुने विषयमा सचेत नभई आलोचित हुने भ्रमण मात्रै गर्छन् ।

# सेनाद्वारा विद्यार्थीलाई स्टेसनरी सामग्री सहयोग

**रौतहट/मस**– नेपाली सेना वीरदल गण रौतहटले विपन्न विद्यार्थीलाई स्टेसनरी सामग्री सहयोग गरेको छ । मध्य पूर्वी पृतना हेड क्वाटरको निर्देशन र नम्बर २८ वाहिनी अड्डाको पहलमा वीरदल गण रौतहटले उक्त सामग्री सहयोग गरेको हो ।

चन्द्रपुर नगरपालिका वडा नम्बर ७ नयाँ वस्तिस्थित जनता आधारभूत विद्यालयको कक्षा ४ र ५ मा अध्ययनरत छात्रछात्रालाई वीरदल गणका गणपति गंगाबहादुर विष्टले स्टेसनरी सामग्री वितरण



गरेको बताए ।

शिक्षाको स्तर उत्थान गर्न जनहित तथा सर्वलाभ हुने कल्याणकारी सोचका साथ ' वन युनिट वन स्कुल स्पोर्ट' योजनाको अवधारणामा बमोजिम सैनिक नागरिक सम्बन्धलाई उच्च प्राथमिकतामा राखेर सरकारी समुदायिक विद्यालयलाई सहयोग गरिएको गणपति विष्टले बताए ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**रौतहट/मस**– रौतहटमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । चन्द्रपुर १ पौराईमा भएको दुर्घटनामा परी २९ वर्षीय शिशिर माझीको मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यलयका प्रमुख डीएसपी एकनारायण कोइरालाका अनुसार सडक किनारमा रहेको ढुंगामा ठोक्किएर मधेश प्रदेश ३-०२६प ९८८२ नम्बरको मोटरसाइकल दुर्घटनामा परेको हो ।

दुर्घटनामा घाइते भएका माझीको उपचारको क्रममा मृत्यु भएको डीएसपी कोइरालाले बताए ।

# लाइसेन्सबिना नै भाडा लिएर यात्रु ओसार्दै मोटरसाइकल

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २२ जेठ



हुम्लामा लाइसेन्सबिना नै मोटरसाइकलमा भाडा लिएर यात्रु ओसापसार गरेको पाइएको छ। हुम्लाको मध्य क्षेत्रमा पर्ने सर्केगाड र दक्षिण क्षेत्रमा पर्ने चंखेली गाउँपालिकामा लाइसेन्सबिना नै मोटरसाइकलमा यात्रु ओसारपसार गर्ने गरिएको पाइएको हो।

सर्केगाडभित्रका विभिन्न ठाउँ र चंखेली गाउँपालिकामा करिब ७० जनाले मोटरसाइकलमा यात्रु बोक्ने गरेको भए पनि ५ प्रतिशतसँग मात्रै लाइसेन्स भएको यात्रु बोक्दै आएका एक मोटरसाइकल चालकले मध्यान्हलाई बताए । उनले बिलबुक नभएको मोटरसाइलसमेत चालउने गरेको पाइएको बताए ।

एक जना ट्रफिक प्रहरी खटिएको भए पनि ती ट्राफिक प्रहरीलाई कसैले नटेर्ने गरेको र जथाभावी मोटरसाइकल चलाउने गरिएको उनको भनाइ छ । ट्रफिकले समाते पनि पैसाको खेल हुँदा त्यस्ता व्यक्ति उन्मुक्ति पाउने गरेको उनले बताए ।

मोटरसाइकलहरुले करिब ९ किलोमिटर यात्र गर्दा एक जनाको एक हजार लिने गरेको स्थानीय कवि शाही बताउँछन्। उनले मोटरसाइकलले भाडा लिएर यात्रु बोक्दा स्थानीयलाई सहज भएको भए पनि भाडा भने महँगो भएको बताए । उनले मनोमानी ढंगले भन्दा दुरीअनुसार भाडा लिए सबैलाई सहज हुने बताए ।

लाइसेन्स नभएका मोटरसाइकल चालकले दिनमा १० देखि १२ हजार रुपैयाँसम्म कमाइ गर्ने गरेका छन्। तर यात्रु बोक्ने मोटरसाइकललाई नियमन गर्न कुनै कानून नै नहुँदा दुर्घटनाको जोखिम भने बढेको छ ।

# प्लास्टिकजन्य प्रदूषण रोकथाममा जोड



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २२ जेठ

जुम्लामा विविध कार्यक्रम गरी सोमबार विश्व वातावरण दिवस मनाइएको छ। संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको आह्वानमा हरेक वर्ष जुन ५ तारिखमा विश्व वातावरण दिवस मनाउने गरिन्छ। सन् १९७३ देखि विश्व वातावरण दिवस मनाउन शुरु गरिएको हो ।

यस वर्ष 'प्लास्टिकजन्य प्रदूषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौं' भन्ने राष्ट्रिय नाराका साथ डिभिजन वन कार्यालय जुम्लाको आयोजनामा ५०औं विश्व वातावरण दिवस जुम्ला सदरमुकाममा अन्तरक्रिया गरी मनाइएको छ। अन्तरक्रियामा सहभागी सबैले जुम्लामा प्लास्टिकजन्य प्रदूषण रोकथाममा गर्नुपर्नेमा जोड दिएका छन्।

अन्तरक्रिया कार्यक्रममा जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले 'कृत्रिम मानव क्रियाकलापहरु बढ्दै जाँदा भएका प्रकृतिको निर्मम दोहनले विश्वव्यापी जलवायु परिवर्तन भएको बताए । यसले गर्दा जैविक विविधतामा ह्रास आएको उनको भनाइ छ ।

यस्तै जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले सबैले आफ्नो घरवरिपरि वातावरण सफा राख्दै वन, जल, वनस्पति, कृषि तथा जीवहरूको पर्यावरणीय सम्बन्धलाई जीवनमुखी बनाउनुपर्नेमा जोड दिए । स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको हकलाई सार्थक बनाउनका लागि वातावरण संरक्षण गर्न जरुरी रहेको उनले बताए ।

त्यस्तै डिभिजन वन कार्यालय जुम्लाका प्रमुख दिनेशजङ खत्रीले विज्ञानको नवीनतम विकासको उदाहरण स्वरुप उत्पादन भएको प्लास्टिक पोलिमरको अव्यवस्थित र अवैज्ञानिक प्रयोगले सिर्जना गरेको प्लास्टिकजन्य फोहोर वर्तमान समयको एक प्रमुख वातावरणीय चुनौती बन्न पुगेको बताए । विकासलाई वातावरणमैत्री बनाउन आवश्यक रहेको उनको भनाइ छ।

दिगो विकासको अवधारणाबमोजिम नै नेपाल सरकारले सञ्चालन गर्ने कुनै पनि विकास निर्माण कार्यबाट वातावरणमा पर्न सक्ने सम्भावित असरलाई अनिवार्यरुपमा सम्बोधन गर्नुपर्ने व्यवस्था वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको छ ।

त्यस्तै चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायतले जुम्ला बजारको फोहोर व्यवस्थापनमा चुनौती देखिएको बताए। नागरपीलकाले अहिलेसम्म फोहोर फाल्नका लागि ल्याण्डफिल्ड साइटको व्यवस्थापन गर्न नसकेको बताए । उनले वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन गर्नका लागि नगरपालिका सधैं तयार रहेको बताए ।

कार्यक्रममा सामुदायिक वनका अध्यक्ष गोकर्ण चौलागाईंले जलवायु परिवर्तनको प्रतिकूल प्रभाव परेको बताउँदै यसको रोकथाम चुनौतीपूर्ण बन्दै गएको बताए । उनले प्लास्टिकजन्य प्रदूषणले वातावरणीय क्षेत्रमा नकारात्मक प्रभाव पारेको बताए ।

# देवदहमा लायन्स आँखा अस्पताल उद्घाटन



**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, २२ जेठ

देवदहमा लायन्स आँखा अस्पताल उद्घाटन गरिएको छ। सोमबार एक कार्यक्रमकाबीच पूर्वमन्त्री तथा संघीय सांसद छविलाल विश्वकर्माले अस्पताल भवनको उद्घाटन गरेका हुन्।

कार्यक्रममा बोल्दै विश्वकर्माले देवदहमा आँखा अस्पताल निर्माणले स्वास्थ्य क्षेत्रमा एउटा इँटा थपिने बताए । स्वास्थ्य मानिसको सबै भन्दा ठूलो सम्पत्ती भएको भन्दै अस्पतालले सो क्षेत्रका सर्वसाधारणलाई सहज तरिकाले सेवा प्रवाह गर्नुपर्ने बताए ।

संस्थाका अध्यक्ष विष्णु ज्ञवालीले अस्पताल निर्माणले सर्वसाधारणको आँखा उपचारका निम्ति बुटवल, भैरहवा जानूपर्ने बाध्यता हटेको बताए । उनले आँखा अस्पतालको निर्माण र सञ्चालन देवदह जनता र नेतृत्वको साथले मात्र सम्भव भएको बताए । कार्यक्रममा भवन निर्माण गर्दा सहयोग गर्नेलाई प्रमाणपत्रसहित सम्मान समेत गरिएको थियो ।


## कतारमा रोजगार

कम्पनीः DOMANDU CONTRACTING HOSPITALITY AND CLEANING SERVICES.
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७६९९ LT. No. 281894 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 2 | 0 | | 1200 | ४२,०३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३० गते (13 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्फौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Pokhara Recruitment (P.) Ltd.**
Samakhusi Townplanning, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075 Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851152243 (Whats App Message Only No calls)
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

## साउदीमा रोजगारको अवसर

कम्पनीः AL-QARYAN GROUP FOR TRADING, INDUSTRY & CONTRACTING
शहरः AL KHOBAR

पूर्व स्विकृति मितिः २०७९/०९/१९ चलानी नं. : ६०१९४२९६ LT. No. :278861 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,०५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० जेठ ३० गते (13 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्फौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मिडिल इष्ट म्यानपावर प्रा. लि.**
कुपण्डोल, ललितपुर, फोन नं. ०१-५५२९९६०, ५५३१२२० फ्याक्सः ०१-५५३२०८४, श्रम ई. पत्र नं. ६१/०५१/०५२
सम्पर्कः ९८८१३६५७३९ । Email: cvs.middleast@gmail.com | Web: www.middleast.com.np


## मिथिला जागरण समाज महोत्तरी
## कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास कार्यक्रम

### बोलपत्र आव्हानको सूचना

**दोश्रो पटक सूचना प्रकाशन मितिः २०८०/०२/२३**
**बोलपत्र आव्हानको सूचना नं. 02 /NCB/GOAT/MAS /2079/080**

पिपरा गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग र मिथिला जागरण समाज महोतरीको सहजिकरणमा सञ्चालित साझेदारीमा कृषि तथा पशु बिकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजनामा आवश्यक उन्नत जातका बाखा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रास्ट्रिय स्तरको खुल्ला बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थालाई यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रको विवरणः**

| क्र. सं. | सामाग्रीको नाम | स्वीकृत रकम रु. | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र मान्य हुने अवधि | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | गुणस्तरीय जातका बाखा बिउ/पाठीहरु | २१,४०,००० | २.५% | ३००० | ९० दिन | २०८०/०३/०५ कार्यालय समय भित्र | २०८०/०३/०६ गते दिनको १२ बजे भित्र | २०८०/०३/०६ गते दिनको २ बजे |
| २. | गुणस्तरीय जातका बोकाहरू | १५,८४,००० | २.५% | ३००० | ९० दिन | २०८०/०३/०५ कार्यालय समय भित्र | २०८०/०३/०६ गते दिनको १२ बजे भित्र | २०८०/०३/०६ गते दिनको २ बजे |

१. बोलपत्र खरिद गर्न चाहने इच्छुक योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी मिथिला जागरण समाज जलेश्वर महोत्तरीको कार्यालयबाट लिखित निवेदन पेश गरी मिति २०८०/०३/०६ गते सम्म कार्यालय समयभित्र प्राप्त गर्न सक्नेछन्। त्यस्तो निवेदनको साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिप र बोलपत्र सम्बन्धी कागजातको दस्तुर पेश गर्नुपर्नेछ।
२. बोलपत्र सम्बन्धि कागजात तथा प्राविविध विवरण (Specification) लगायतका बिषयमा छलफलको लागि मिति २०८०/०२/३० गते दिनको १ बजे यस कार्यालयमा पूर्व बोलपत्र बैठक आयोजना हुनेछ।
३. शिलबन्दी गरिएको बोलपत्र मिति २०८०/०३/०६ गते दिनको १२ बजे भित्र मिथिला जागरण समाज जलेश्वर महोत्तरीको कार्यालयमा पेश गर्नु पर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिनेछैन । बोलपत्रको साथ कम्तिमा रु.२.५%को बोलपत्र जमानत वा प्रभु बैकं जलेश्वरमा मिथिला जागरण समाज महोत्तरीको चल्ती खाता नं. ३२९०१५३९६०४०००१५ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्र खोलेको मितिबाट कम्तिमा पनि १२० दिन बढी हुनुपर्नेछ।
४. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा मिथिला जागरण समाज जलेश्वर महोत्तरीको कार्यालयमा मिति २०८०/०३/०६ गते दिनको २ बजे खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन अन्तिम दिन कायम हुनेछ। त्यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ।
६. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मिथिला जागरण समाज जलेश्वर महोत्तरीको कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**बोलपत्र सम्बन्धि अन्य जानकारीका लागि**
मिथिला जागरण समाज जलेश्वर महोत्तरीको कार्यालय ः९८५४०३१८६९, ९८१७६२६०६२ वा mithilajagransamaj@gmail.com)

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बैतडीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/२३ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय बैतडीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ ३० गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय बैतडीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरणः**
प्राईभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, प्रदेश सरकार, सुदुरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय बैतडीमा मिति २०७७/१२/२० मा दर्ता नं. २७१९/०७७/०७८ कायम भई बैतडी जिल्ला, दशरथचन्द न.पा., वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **जय ग्वाल्लेक किराना पसल** (प्रोप्राईटर देबी दत्त बडुको नाति, कमलापति बडुको छोरा, लिला बडुको पति, बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०७ (साबिक बैतडी जिल्ला, दुर्गास्थान गा.वि.स. वडा नं. ०५) बस्ने **गोपाल दत्त बडु**, ना.प्र.नं. ४०८/२६०३७, जारी मिति २०६०/०१/०५, जिल्ला प्रशासन कार्यालय बैतडी।)

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**
१. देबी दत्त बडुको नाति, कमलापति बडुको छोरा, लिला बडुको पति, बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०७ (साबिक बैतडी जिल्ला, दुर्गास्थान गा.वि.स. वडा नं. ०५) बस्ने **गोपाल दत्त बडु** (ना.प्र.नं. ४०८/२६०३७, जारी मिति २०६०/०१/०५, जिल्ला प्रशासन कार्यालय बैतडी।
२. धनी बडुको नाति, देबी दत्त बडुको छोरा, बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०७ (साबिक बैतडी जिल्ला, दुर्गास्थान गा.वि.स. वडा नं. ०५) बस्ने **कमलापति बडु** (ना.प्र.नं. १०७०, जारी मिति २०४४/१२/०५, जिल्ला कार्यालय बैतडी)।
३. करबिर पन्तको नातिनी, चन्द्रदेब पन्तको छोरी, कमलापती बडुको बुहारी, गोपाल दत्त बडुको पत्नी, बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०७ (साबिक बैतडी जिल्ला, दुर्गास्थान गा.वि.स. वडा नं. ०५) बस्ने **लिला बडु** (ना.प्र.नं. ७३३००१/४०३, जारी मिति २०६३/११/२५, जिल्ला प्रशासन कार्यालय बैतडी)।

**लिलाम हुने सम्पत्तिको विवरणः**
१. **कमलापति बडु**को नाममा मालपोत कार्यालय, बैतडीमा दर्ता कायम रहेको बैतडी जिल्ला, दशरथचन्द न.पा., वडा नं. ०७ (साबिक बैतडी जिल्ला दुर्गास्थान गा.वि.स. वडा.नं. ०५) स्थित कित्ता नं. ५४७ को क्षेत्रफल १–१०–२–२ (रो.आ.पै.दा.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरु**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० जेठ २९ गते** भित्र बैंकको शाखा कार्यालय बैतडीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बैतडीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/ जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० जेठ ३० गते दिनको ३:०० (तिन)** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय बैतडीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कवोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बैतडीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० जेठ ३० गते मंगलबार अपरान्ह ३:०० (तिन) बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बैतडी फोन न. ०९५-५२०५४६/ ०९५-५२०५४७**




मध्यान्ह
www.madhyanhadaily.com
२३ जेठ २०८०, मंगलबार
6 June 2023, Tuesday

## सम्पादकीय

# विवेकपूर्ण बहसको खाँचो

प्रतिनिधिसभाको बैठक सोमबार सात घण्टा बढी चल्यो । जनता र मुलुकका समस्यामाथि यति लामो बहस हुनु आफैमा राम्रो कुरा हो । संसद बैठकस्थल चलायमान हुँदा त्यसले लोकतन्त्रलाई नै बलियो बनाउँछ । त्यसैले शान्त रहेको, अल्छी लाग्दो र दिक्दारीपूर्ण बनेको भन्दा संसद् बैठक चलायमान रहेकै राम्रो हो । यसले सरकारलाई जवाफदेही र उत्तरदायी बनाउँछ भने प्रतिपक्षीलाई पनि सचेत गराउँछ । अझ हाम्रो जस्तो मुलुकमा संसदलाई सशक्त बनाउन पनि यस्ता गतिविधिले सहयोग पुग्छ । किनकि विगतमा महिनौंसम्म बैठक नै बस्न नसक्ने परि स्थिति खेप्दै आएका छौं । लगातारको संक्रमणकालीन राजनीतिका कारणले जनताको एजेण्डामाथि बहस हुने नभएर राजनीति स्वार्थका निम्ति संसद बैठक नै नचलाउने प्रवृत्तिबाट हामी परिचित छौं ।

अझ संविधान निर्माण भइरहेको २०६५–२०७२ को अवधिमा समसायिक एजेण्डाले संसद बैठकमा प्राथमिकता पाउनै सकेन । संविधानका अन्तर्वस्तुमाथि दलहरूको अडानले अधिकांश बैठक अवरूद्ध बनिरह्यो । त्यसअघि र पछि पनि खासै संसद् बैठक प्रभावकारी हुन सकेन । बरू ठीक उल्टो सत्तारूढभित्र देखिने संकटले बेलाबेला प्रतिनिधिसभा विघटनको प्रयत्न भयो । केहीपटक प्रतिनिधिसभा समय नपुग्दै विघटन गरियो । त्यसो हुँदा संसदमा जनताको एजेण्डाले प्राथमिकता पाएन । सोमबार भने समसायिक विषयमाथि सत्ता र प्रतिपक्षीबीच दोहोरी नै चल्यो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरेको भारत भ्रमण, राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको नागरिकता विधेयक, भारतीय संसदमा राखिएको नक्सा लगायत छलफलको एजेण्डा बनेको थियो ।

यी एजेण्डाहरूमा प्रतिपक्षी दलहरू एकठाउँ उभिए भने सत्तारूढ सांसदहरूले त्यसको प्रतिपक्षा गरे । प्रष्टोक्ति र आरोपमा प्रधानमन्त्रीसँग प्रमुख प्रतिपक्षी दल, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आफै उत्रिएका थिए । ओली र प्रचण्ड नै दोहोरीमा उत्रिदा सांसदहरू अझ चर्को सुनिए । सभामुख देवराज घिमिरेले मध्यस्थता गर्दै संसद बैठक अगाडि बढाएका थिए । तर बैठक सञ्चालन गर्न सजिलो थिएन । किनभने पटकपटक सत्ता र विपक्षी सांसदहरू आपत्तिमा सामुहिक रूपमै उभिएर आफ्नो कुरा राखेका थिए । यसरी आरोप–प्रत्यारोप, प्रष्टोक्ति–प्रश्न चलिरहँदा पटकपटक संसदीय मर्यादाको विषय उठेको थियो । सरकारलाई लगाइएको आरोपको जवाफ सत्ता पक्षले पनि आरोपबाटै दिने गरेका थिए । संसद हेरिलाग्दो बनेको थियो । यसरी संसद चल्दा सांसदहरूले तथ्य र विवेक भन्दा पनि आरोप र आवेगलाई बढी प्राथमिकतामा दिएका थिए । यस्तो प्रवृत्तिले संसद बैठक आफै लोकतन्त्र बलियो बनाउने भन्दा पनि बद्नाम गराउने भय देखिन्छ । अतः सांसद र राजनीतिक नेतृत्वले विवेकपूर्ण बहसमा आफूलाई केन्द्रीत गराउँदा जनताको एजेण्डाले प्राथमिकता पाउनेछ भने लोकतन्त्र सबल हुनेछ ।

# स्वच्छ नेपाल कसरी बनाउने ?

अग्रलेख



● खेम शर्मा

विश्व वातावरण दिवस यसअघि जस्तै यस पटक पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा जुन ५ का दिन विश्वभर यो दिवस मनाउने गरिन्छ । नेपालमा पनि यस वर्ष 'प्लाष्टिकजन्य प्रदूषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौं' भन्ने नारा तय गरेर यसको 'थिम' भित्र रहेर देशव्यापीरूपमा विभिन्न कार्यक्रम आयोजना गरी वातावरण दिवस मनाइएको छ । संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा सन् १९७३ देखि प्रत्येक वर्ष जुन ५ मा विश्वभर यो दिवस मनाउने गरिएको हो ।

सरसरती हेर्दा वातावरणसँग वन, जंगल, वनस्पतिसहित पारिस्थितिक प्रणाली सबै जोडिन्छ । सबैभन्दा निकट तर भित्र लुकेर बसेको अर्को पक्ष भनेको सरसफाइ हो । प्रकृतिसँग जोडिएका धेरै विषय र प्रणाली वातावरणका साथी हुन् । प्रदूषणदेखि लिएर अनेक प्रकारका वातावरणीय जोखिमहरुलाई हटाउँदै प्रकृति र प्राणी साथसाथ बाँच्नुपर्छ । यस परिस्थितिका लागि सरसफाइ अर्को एक महत्वपूर्ण पक्ष हो, जसको अनुपस्थितिमा स्वच्छ र स्वस्थ वातावरण बन्न र कायम रहन सक्दैन । त्यसैले विश्व वातावरण दिवस सन्दर्भ पारेर यहाँ नेपालको सरसफाइको क्षेत्रका केही कुरा राखिएको छ ।

अहिले मुलुकको प्रमुख प्रशासकीय भवन सिंहदरबारको सरसफाइको गुणस्तरमा वृद्धि गर्ने काम आगाडि बढेको छ । निकट भविष्यमा सिंहदरबारलाई एक पर्यटकीय गन्तव्यका रूपमा अगाडि बढाउने गरी यो कार्यको थालनी पनि भएको छ । यस प्रयोजनका लागि सिंहदरबारका सम्पूर्ण मन्त्रालय, कार्यालय हाता वरपर रहेका फोहर र पुराना काम नलाग्ने सामग्रीको उचित व्यवस्थापन गर्ने कार्य सुरु भएको छ । सरसफाइ भनेको विद्यमान संरचनालाई घोट्ने र टल्काउने काममात्र नभएर वरपरको फोहरलाई सफा गर्नु पनि हो । सोहीअनुरूपको अवधारणाबमोजिम सबै सरकारी कार्यालयका यस्ता फोहर वस्तु हटाउने कामलाई निरन्तरता दिनुपर्छ ।

अहिलेसम्म विभिन्न मन्त्रालय, विभाग एवम् कार्यालयले निर्माण गरेका सरसफाइसम्बन्धी नीति, नियम एवम् निर्देशिका आगामी साउन १ गतेदेखि थप प्रभावकारी तथा अनिवार्यरूपमा कार्यान्वयन गर्ने निर्णय पनि सरकारले गरेको छ । साथै, यसै वर्षदेखि लागू हुने गरी राष्ट्रका उच्च तहबाट वार्षिकरूपमा प्रदान गरिने विभिन्न सम्मान तथा पुरस्कारमा कम्तीमा मजदुरलाई पनि समावेश गर्ने नीतिका लागि आग्रह भएबमोजिम सरकारले यसलाई सकारात्मकरूपमा लिएको छ । उक्त अनुपातमा प्रदेश तथा स्थानीय तहले समेत कार्यान्वयन गर्न सकिने गरी यस अवधारणालाई नेपाल सरकारको नीतिमै समावेश गर्न सकिएमा यसले सफाइ क्षेत्रका जनशक्ति एवम् मजदुर वर्गको पनि सम्मान हुने थियो ।

सम्पूर्ण मजदुरको काम, कर्तव्य र अधिकार स्पष्ट पार्दै सेवा, सर्त र सुविधा निश्चित तथा वैधानिक गर्न अनुगमनकारी निकायलाई सक्रिय गराउन पहल भएकाले जनस्वास्थ्य सचेतनासम्बन्धी बनेका नीति तथा नियमहरु जनस्तरमा पुऱ्याउनुपर्ने देखिन्छ ।

जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची ८ बमोजिम सरकारी तथा निजी अस्पतालको सरसफाइसम्बन्धी मापदण्ड तयार गरी थप प्रभावकारीरूपमा लागू गर्ने पहल भएकाले जनस्वास्थ्य तथा सरसफाईसम्बन्धी नीति निर्माण गर्दा तथा कार्यक्रम कार्यान्वयन गर्दा ग्रामीण भेग, पिछडिएको समुदाय, क्षेत्र तथा वर्गलाई समेत सम्बोधन हुने गरी निर्माण गर्न पहल भएकाले यसमा सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको खाद्य स्वच्छताको आधारमा होटल रेस्टुरेन्ट स्तरीकरण गर्नेसम्बन्धी निर्देशिका २०७४, खाद्य तथा दाना पदार्थसम्बन्धी ऐन, नियम एवम् निर्देशिकाहरु २०७५, दूध तथा दुग्ध पदार्थको स्वच्छता एवम् गुणस्तर निर्देशिका, २०७५ थप प्रभावकारीरूपमा लागू गर्न पनि पहल भएको छ । बधशाला र मासु बेच्ने पसलका लागि बनेको पशु वधशाला र मासु जाँच ऐन, २०५५ साथै पशु ढुवानी मापदण्ड, २०६४ थप प्रभावकारीरूपमा लागू गर्नुपर्ने देखिन्छ । यसका लागि प्रक्रिया अघि बढेकाले त्यसलाई जतिसक्दो चाँडै कार्यान्वयनको तहमा ल्याउनुपर्दछ ।

वि.सं. २०७० आसोज २३ गते नेपाल सरकारबाट स्वीकृत, २०७८ असार १५ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट परिमार्जित वातावरणमैत्री स्थानीय शासन प्रारूप सबै तहमा पूर्णतः कार्यान्वयन गर्नुपर्ने अवस्था देखिएकाले यसका लागि तथा विद्यालय, खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको महसुस गर्दै सरकारले यो प्रक्रिया छिटै अघि बढाउने बताइसकेको छ ।



*प्रकृतिसँग जोडिएका धेरै विषय र प्रणाली वातावरणका साथी हुन् । प्रदूषणदेखि लिएर अनेक प्रकारका वातावरणीय जोखिमहरूलाई हटाउँदै प्रकृति र प्राणी साथसाथ बाँच्नुपर्छ । यस परिस्थितिका लागि सरसफाइ अर्को एक महत्वपूर्ण पक्ष हो, जसको अनुपस्थितिमा स्वच्छ र स्वस्थ वातावरण बन्न र कायम रहन सक्दैन ।*

विद्यालयका पाठ्यक्रममा रहेका स्वास्थ्यसम्बन्धी विषयसँग समन्वय गरी सरसफाइसम्बन्धी विषय राख्नुपर्ने आवश्यकता छ । शिक्षा मन्त्रालयले कक्षा ३ देखि कक्षा १२ सम्मको सम्बन्धित प्रयोगात्मक विषयको पाठ्यक्रममा समावेश गर्ने पहल भएको बताएकाले सिटिइभिटीमा व्यावसायिक सरसफाइसम्बन्धी पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन सुरु गर्नुपर्छ । यसका लागि मन्त्रालयले प्रक्रिया अघि बढाइएको बताएकाले यसलाई सकारात्मकरूपमा लिन सकिन्छ । त्यसैगरी, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सांस्कृतिक सम्पदा, पर्यटकीयस्थल तथा विमानस्थल सरसफाइसम्बन्धी निर्देशिका, २०७९ र नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सरसफाइ सेवा निर्देशिका, २०७९ जारी गरेको छ । प्रकृतिको अनुपम देन, पर्यटकको आकर्षण नेपालको सम्पदा हिमाल, ताल, नदी तथा पर्यटक पदमार्ग सफाइलाई निरन्तरता दिने काम सुरु भइसकेकाले आगामी दिनमा यसलाई दिगो स्वरूप र प्रक्रियामा निरन्तरता दिनुपर्छ ।

सरकारले सहरी तथा राजमार्ग वरिपरि यात्री, पर्यटक सेवाग्राहीको अत्यधिक चाप हुने सार्वजनिक स्थानमा निजी तथा समुदायिक साझेदारीमा कम्तीमा एक हजार सुविधासम्पन्न सार्वजनिक शौचालय र विश्रामस्थल निर्माण गर्ने साथै राजमार्गमा सार्वजनिक निजी साझेदारीमा 'स्मार्ट रोडसाइड स्टेशन' निर्माण सुरु गर्ने नीति अगाडि बढाएकाले यसलाई सबै पक्ष र समुदायको सक्रिय सहभागिताबाट थप प्रभावकारी बनाउन सकिन्छ ।

प्रयोगकर्ताद्वारा सफा सार्वजनिक सवारीसाधनमा यात्रा गर्ने वातावरण बनाउनका लागि "सार्वजनिक तथा निजी सवारी सरसफाइ निर्देशिका" निर्माण भइसकेको छ । निजी क्षेत्रमार्फत सरकारी कार्यालयको सरसफाइसम्बन्धी कार्य गराउन गरिने ठेक्का सम्झौतामा आवश्यक कागज पत्रसहित संलग्न हुने दक्ष सरसफाइकर्मी हुनुपर्ने, सफाइमा संलग्न हुने जनशक्तिको सङ्ख्या खुलाउन पर्ने, उनीहरुले प्रयोग गर्ने उपकरण र रसायनको न्यूनतम स्तर खुलाउने व्यवस्था गर्नुपर्दछ । यसरी काम गर्ने सफाइकर्मीलाई सुरक्षासहितको उचित पोशाक र सरसफाइको न्यूनतम स्तर तोक्ने व्यवस्था पनि गर्नुपर्छ । त्यस्तै, सरसफाइसम्बन्धी कामको लागि विदेश जाने वा नेपालमै काम गर्ने मजदुरलाई यससम्बन्धी तालिमको पनि व्यवस्था गर्नुपर्छ ।

दैनिक उपभोग्य वस्तुको गुणस्तरमा वृद्धि गरेर उक्त गुणस्तर सधैं कायम राख्नका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई थप प्रभावकारी बनाई बजार अनुगमन कार्यविधि, २०७७ लाई पूर्णरूपले लागू गर्नुपर्ने र सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ बमोजिम सार्वजनिकस्थलमा धुमपान तथा सुर्ती सेवनको कार्यलाई रोक्न पहल सुरु भएकाले यसले जनस्वास्थ्यमा राम्रो प्रभाव पार्नेछ । त्यसैगरी प्रदेशसँगको सहकार्यमा आगामी वर्ष तीन करोड विरुवा रोप्ने योजना रहेकाले यसलाई निरन्तरता दिँदै आगामी वर्षमा पनि वृक्षरोपणलाई प्राथमिकतामा राख्नुपर्छ ।

केही वर्षभित्र नेपाललाई सफा देशको सूचीमा पुऱ्याउने उद्देश्यका साथ देशविदेशमा बस्ने सम्पूर्ण नेपालीलाई समावेश गरी प्रधानमन्त्रीको नेतृत्वमा यही वर्षबाट नै 'स्वच्छ नेपाल स्वस्थ्य नेपाली' नाराका साथ जनस्वास्थ्य तथा सरसफाइ दिवस सञ्चालन गर्नुपर्छ । प्रत्येक विद्यालय, शैक्षिक संस्थाले अभियानात्मकरूपमा नजिकको कुनै सार्वजनिक स्थानमा साप्ताहिकरूपमा सरसफाइ अभियान सञ्चालन गर्न सकिन्छ भने सडक, विद्युत्, खानेपानी, टेलिकमजस्ता निकायले सडक र सडक किनारामा गरिने निर्माण, मर्मतसम्बन्धी कार्य एकैसाथ सम्पन्न हुनेगरी निर्माण गर्न समन्वय गर्न सकिन्छ ।

सम्पूर्ण सरकारी कार्यालयमा अनलाइनमार्फत सरसफाइसम्बन्धी सेवाग्राहीको गुनासो लिने व्यवस्था गर्ने र काठमाडौं उपत्यकालगायत मुलुकका विभिन्न भू-भागमा ठूला सहरको फोहरमैलाको दिगो र निर्वाध व्यवस्थापनका लागि नीतिगत र संस्थागत प्रबन्ध गर्न सकिएमा यसले स्थानीय तहहरुलाई फोहरमैला व्यवस्थापनमा जिम्मेवार बनाउन सक्दछ ।

सेप्टेम्बर १६ मा पर्ने विश्वसरसफाइ दिवसमा केन्द्र, प्रदेश र स्थानीय तहका प्रमुखको नेतृत्वमा साप्ताहिक सरसफाइ कार्यक्रम मनाउन सकिन्छ । वेबसाइट र सामाजिक सञ्जाल निर्माण गरी देशभित्र र बाहिर भएका सबै सरसफाइ अभियन्तालाई यसमा सहभागी गराउन सकिन्छ । सरसफाइसम्बन्धी नागरिकको गुनासो डिजिटल प्रविधिमार्फत सम्बन्धित निकायमा पुग्ने र सम्बन्धित निकायको 'रेस्पोन्स' गुनासोकर्ताले थाहा पाउने व्यवस्था गर्न सकिन्छ ।

प्रधानमन्त्री नै सरिक हुनेगरी सबै नागरिकलाई कम्तीमा पनि महिनाको दुई घन्टा क्यालेन्डरमा राखेर एकै समय 'सरसफाइमा श्रमदान' कार्यक्रमको घोषणा गर्न सकिन्छ । यसबाट सफाइको नियमितता लागू गर्न सजिलो पर्नेछ । यसरी देशविदेशमा भएका नागरिकलाई यस अभियानमा जोड्ने र सरसफाइ अभियान चलाउन सकिन्छ । यस कार्यलाई सबै मन्त्रालयका सबै निकायसँग समन्वय गरी सफाइसम्बन्धी जानकारी, तौरतरिका एवम् सन्देशमूलक सूचना निर्माण गरेर आमसञ्चारका माध्यमबाट प्रचारप्रसार गर्न सकिन्छ । साथै विविध प्रतियोगिता गरेर पनि सरसफाइसम्बन्धी चेतना देशव्यापीरूपमा फैलाउन प्रोत्साहन गर्न सकिन्छ ।

यसरी गरिने कार्यसम्पादनको मूल्यांकनका लागि उच्चस्तरीय समिति बनाई सम्पूर्ण कामको अनुगमन गर्नुपर्दछ । वातावरणमैत्री शासकीय प्रारूप २०७८ का आधारमा टोल सुधार समितिले उत्कृष्ट घरपरिवार, वडाले उत्कृष्ट टोल, स्थानीय तहले उत्कृष्ट वडा र स्थानीय विकास मन्त्रालयले उत्कृष्ट स्थानीय तहको छनोट गरी प्रधानमन्त्रीको उपस्थितिमा पुरस्कारसहित सम्मान गर्ने कार्यक्रम अघि बढाउनुपर्छ । प्रधानमन्त्री कार्यालय, मन्त्रालयलगायत सबै सरकारी कार्यालयमा सरसफाइसम्बन्धी फोकल पर्सन तोक्ने र कार्यालय प्रमुखको नेतृत्वमा महिनामा एक पटक सरसफाइको अवस्था र योजनाबारे छलफल गर्ने गर्नुपर्छ ।

यसरी माथि उल्लेखित आयोजना र कार्यक्रमअनुरूप हामी अघि बढ्न सक्यौं भने यसबाट 'स्वच्छ नेपाल, स्वस्थ नेपाली' को लक्ष्य प्राप्त गर्न सहज हुनेछ । यी कार्य गर्न सक्दा हाम्रो देश सफा देशको सूचीमा अहिलेको भन्दा धेरै माथि उक्लिन सक्नेछ । साथै यसबाट दुई वर्षमा २५ हजारभन्दा बढी थप रोजगारी सिर्जना हुनेछ भने मुलुकमा सरसफाइका क्षेत्रमा थप रु. २० अर्बको आर्थिक कारोबार गर्न सकिने प्रशस्त आधार निर्माण हुनसक्छ ।

***(लेखक शर्मा, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का जनस्वास्थ्य तथा सरसफाइ विज्ञ हुन् ।)***

## सामाजिक सञ्जाल



**- ओमकुमार थापा**

विश्व वातावरण दिवसका उपलक्ष्यमा ठूल्ठूला होटलहरूमा सेमिनार र गोष्ठी हुन्छन् र डलर पचाउन भरमग्दुर प्रयत्न गरिन्छ । बहुदलीय व्यवस्थापछि नेपालका उर्वर भूमिहरू मरुभूमि बनाइएका छन् । सरकार र जग्गा दलालको मिलेमतोमा जलस्रोतको दोस्रो धनी देश नेपाल काकाकुलको देश बन्दैछ । खोकेर मात्रै के गर्नु ?



**- खेमराज रेग्मी**

सर्वोच्च अदालतको निष्पक्षतामाथि प्रश्न उठ्नु हुँदैन, विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरी संवैधानिक कर्तव्यबाट च्यूत भएको सम्बन्धी रिटमा आजसम्म सुनवाइ भएको छैन तर, त्यसकै जरियाबाट उत्पन्न अर्को रिटमा तुरुन्तै अन्तरिम आदेश जारी भयो कसरी ?



**- मनहरि तिमिल्सिना**

पूर्वप्रधानमन्त्रीज्यू, प्रोटोकलको ठूलै कुरा गर्नुभयो । तर, तपाईंले मध्यरातमा 'रअ' प्रमुख भेट्दा साथमा परराष्ट्रमन्त्री थिए ? परराष्ट्र सचिव र शिष्टाचार महापाल थिए ? विगतका सारा क्रियाकलाप भुलेर सम्मानित सदनमा यतिविघ्न अराजनीतिक र अशिष्ट भाषा प्रयोग गर्न तपाईंको मर्यादाले दिन्छ ?



**- सेतेमान तामाङ**

संसदमा प्रतिपक्षदलका सांसदहरुको भूमिका विरोध गर्ने, आरोप लगाउने, अवरुद्ध गर्ने मात्रै कि जनताको समस्या, जनताको जनजीवनसँग प्रत्यक्ष सरोकारहरुको उठान गर्ने, असन्तुष्टि विषयलाई सच्याउन संशोधन प्रस्ताव गरिने हो । तर अहिले संसदको मर्यादा विपरित कुतर्क, भ्रम सिर्जना गरिएको थलो बनाउनु दुर्भाग्य हो ।

# १९५० को सन्धि र नागरिकताको समस्या

विचार



● मेघराज भट्टराई

*अहिले नागरिकता विधेयकको विषय किन उठ्यो ? स्पष्ट छ, यसको कारण आन्तरिक होइन बाह्य हो । विशेषतः भारतीय नागरिकलाई कसरी नेपाली नागरिकता दिने भन्ने सवाल यसमा जोडिएको पाइन्छ । यो समस्या प्रत्येक राजनीतिक परिवर्तनको समयमा आउने गरेको छ । २०४६, ०६३ र ०७२ मा पनि अहिले जस्तै नागरिकताको विषय उठाइएको थियो ।*

सन् १९५०को सन्धि नै नेपालको अन्त्य हुने बाटो तिर गएको छ । राणा शासन पछि प्रजातन्त्र प्राप्तीको दुई वर्षपछि वि.सं. २००९ सालमा भारतीय नागरिकलाई नेपाली नागरिकता वितरण गर्न शुरु गरियो । यो सिलसिला २०१७ सालसम्म चल्यो । जब महेन्द्रले प्रजातन्त्रमाथि प्रतिबन्ध लगाए २०३६ सालसम्म यो रोकियो । जनमत संग्रहको समय निर्दललाई जिताउने शर्तमा सुर्यबहादुर थापा प्रधानमन्त्री भएको समय फेरि भारतीय नागरिकलाई नेपाली बनाइयो र निर्दलले जित्यो । २०४६ सालपछि त यहाँ नागरिकता विधेयक ल्याएर नै नेपाली नागरिकता बाँडियो । खासमा नागरिकता विधेयक नेपालीको लागि चाहिएको होइन ।

पहिले पहिले गाउँ विकास समिति (गाविस) हुने समय गाविस अध्यक्षले प्रत्येक वडाका प्रत्येक घरका मान्छे चिन्दथे । वडा अध्यक्ष सदस्यले त आफ्नै गाउँका नागरिक कसको छोरा, कसको छोरी, घर कहाँ, बाजेको नाम के, सबै चिनेका नागरिकताको लागि सिफारिस गर्न कुनै कठिन परिस्थिती थिएन । अहिले नागरिकता विधेयकको विषय किन उठ्यो ? स्पष्ट छ, यसको कारण आन्तरिक होइन बाह्य हो । विशेषतः भारतीय नागरिकलाई कसरी नेपाली नागरिकता दिने भन्ने सवाल यसमा जोडिएको पाइन्छ । यो समस्या प्रत्येक राजनीतिक परिवर्तनको समयमा आउने गरेको छ । २०४६, ०६३ र ०७२ पनि अहिले जस्तै नागरिकताको विषय उठाइएको थियो । तत्कालिन समय लाखौं भारतीयलाई नेपाली नागरिकता बाँडिएको पाइन्छ । समस्या अझै समाधान भएन, अब २०८० सालमा पनि उही समस्या देखाएर विधेयकलाई प्रमाणिकरण गरियो । त्यो पनि राष्ट्रपतिको क्षेत्राधिकारभन्दा बाहिर गएर । संविधानमाथि 'कु' गरे झै गरेर । कारण के हो भने हाम्रो सीमाना खुला छ । हरेक दिन भारतीय नागरिक नेपाल आउछन्, यहाँको हावापानी राम्रो छ यही काम गर्छन्, यहीँ बस्छन् । यही छोरा छोरी जन्मिन्छन्, उनलाई स्कुल कलेज यही पढाउँछन् नागरिकता चाहियो । उनैको लागि सदाबहार नेपालीले समस्या भोगिदिनु पर्ने ?

खुला सीमाना बन्द गर्ने हो भने कुनै पनि नेपालीको लागि नागरिकता दिन समस्या नै हुँदैन । त्यसैले १९५० को सन्धि खारेज गर्नैपर्छ । भारतको जनसंख्या १५० करोड छ भने चीनको जनसंख्या १४५ करोड छ । तर, हाम्रो जनसंख्या तीन करोड पनि छैन । यसैमा पनि हामी ८०लाख विदेशमा छौं । भारत तिरको सीमाना खुल्ला छ, आउन जान कुनै कागजात चाहिँदैन । भनेपछि भारतीय नागरिक २२ करोड भिखारी मात्रा भएको कुरा विभिन्न पत्रपत्रिकाबाट जानकारी लिन सकिन्छ । जो हरेक ठूला शहरका पुलमुनी सुतेर जीवन चलाएका छन् । उत्तर प्रदेशको जनसंख्या २५करोड छ भने बिहारको जनसंख्या २३करोड छ । यस्तोमा हाम्रो देश भोलि के होला ? तीन करोड नेपालीमाथि तीन करोड भारतीय आए भने हाम्रो हविगत के हुन्छ ? केही हप्ता पहिले नेपालगञ्जमा प्रहरीमाथि आक्रमण गरेको घटना सानो होइन ।

हामी नेपालीले देश गुमेका नागरिकसँग उनीहरुको पीडा सुनौं, बुझौं अनि आफ्नो राष्ट्रिय पहिचान नभएका दार्जिलिङ्ग र देहेरादुनका नेपालीसँग सोध्नु के रहेछ राष्ट्रिय पहिचान भन्ने चिज । हामी गरीब छौं, भौतिक पूर्वाधारको विकास भएको छैन तर पनि हामी कहिल्यै कसैको गुलाम नभएको नेपाली आमाका सन्तान हौं । आफ्नो चिनारी सम्झौं ।

एक जना १४ वर्षकी नानी बेलायत पढ्न गएकी, अपमानित भएर बसेर पढ्नुभन्दा स्वाभिमानको साथ आफ्नै देशमा बस्छु भनेर फर्केको कुरा एक टेलिभिजनको अन्तरवार्तामा देख्न पाइयो । मन नै भावुक भयो । राष्ट्रियता भन्ने कुरा हामीले बुझ्न सकेनौं भने भोलि हाम्रा सन्ततिले सराप्ने छन् । यो मन्दिरको प्रसाद सरह नागरिका बाँड्न सकिँदैन । नागरिकता बाँड्ने नियतका साथ ल्याइएको विधेयक खारेज हुनुपर्छ । राष्ट्रवादी सबै नागरिक यसका निम्ति जुट्नुपर्छ । नत्र भोलि पछुताउने दिन आउने निश्चित छ ।

## तपाईंको राशिफल

मेष : मांगलिक कार्य हुने योग छ । आध्यात्मिक कार्यहरुमा रुचि बढ्नेछ ।

वृष : विद्यार्थीहरुको लागि समय राम्रो छ । उत्साहमा वृद्धि हुनेछ ।

मिथुन : राजनैतिक कार्य सफल हुनेछ । खर्चमाथि नियन्त्रण राख्नुहोला ।

कर्कट : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । आहारमा ध्यान दिनुहोला ।

सिंह : जीवनसाथीको सहयोग प्राप्त हुनेछ । सम्मानमा वृद्धि हुनेछ ।

कन्या : रोजगारमा पदोन्नती हुनेछ । जोखिम भएको कार्यमा नोक्सानीको योग छ ।

तुला : विनम्रतासित कार्य गर्न राम्रो हुन्छ । शुभकार्यमा बढी खर्च हुने देखिन्छ ।

वृश्चिक : शत्रु कमजोर रहनेछ । सबै कार्यमा लाभको योग छ ।

धनु : प्रसन्नतामा वृद्धि हुनेछ । यात्राको लागि समय उत्तम छ ।

मकर : राजनैतिक सहयोग प्राप्त हुन्छ । शुभ सन्देश प्राप्त हुने योग छ ।

कुम्भ : वाणी संयम जरुरी छ । पारिवारिक उल्झनले अशान्ति पैदा गर्नेछ ।

मीन : नौलो कार्य प्रारम्भ हुनेछ । सबैकार्यमा शक्ति लगाउनु पर्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# आठ वर्षमा पनि बनेन रूपन्देही-नवलपरासी जोड्ने पुल



रेशम अधिकारी/मध्यान्ह
रूपन्देही, २२ जेठ

रूपन्देही-नवलपरासी जोड्ने पुल निर्माण शुरु गरिएको आठ वर्षमा पनि सम्पन्न हुन सकेको छैन । रूपन्देहीको देवदह केरबानीबाट नवलपरासीको सुनवल उखुबारी आउने बाटो नजिकै कजरार नदीमाथि निर्माण शुरु गरिएको पुलको आठ वर्ष हुँदा पनि निर्माण सम्पन्न नभएको हो ।

हरेक वर्ष पुल बन्ने अपेक्षा स्थानीयले राख्छन् । तर समयमै पुल निर्माण नहुँदा नदी तर्नै वारि र पारि गर्नुपर्ने बाध्यता अझै अन्त्य भएको छैन ।

२०७३ सालमा ठेक्का लागेपनि ठेकेदार कम्पनी मैनाचुली सिद्धसाही अञ्जना जेभी कन्स्ट्रक्सन कम्पनीले समयमा नै काम नगरिदिँदा पुल निर्माणको काम अलपत्र परेको हो । उक्त पुल निर्माण कार्य २०७५ सालमा सकिनुपर्ने थियो । पुल निर्माण कर्यको अनुगमन सडक डिभिजन कार्यालय बुटवलले गर्ने भएपनि खासै चासो नदिएको पाइन्छ । कार्यालय टाढा हुँदा पर्याप्त अनुगमन हुन नसकेको हो ।

डिभिजन कार्यालयका सूचना अधिकारी महेश्वर लम्सालले हालसम्म पुल निर्माण कार्य ८० प्रतिशतको हाराहारीमा सम्पन्न भएको जानकारी दिए । उनले भने, 'निर्माण व्यवसायीले समयमा काम नगरिदिँदा पुल निर्माणको काम पूरा हुन सकेको छैन ।' पुल ढलान भएको र यो बर्खामा गाडी चल्ने बताउँदै उनले बाटो भने बनाउनु पर्ने बताए । लम्सालले सार्वजनिक खरिद ऐनको विभिन्न ऐन आउँदा ठेकेदारलाई कारबाही गर्ने नमिलेकाले असारसम्म काम नसके कालो सूचीमा राख्ने जानकारी दिए ।

पुल बनेसँगै सुनवल बडा नं ७ र ८ का स्थानीयलाई पूर्व पश्चिम राजमार्ग जानुपर्ने बाध्यता हट्ने छ । पुल निर्माण नहुँदा साइकल, मोटरसाइकल, गाडी जोखिमका साथ खोलाबाट तार्ने गरिएको छ ।

दुवै जिल्लामा सडक बनिसकेको भएपनि पुल नहुँदा यातायातका साधन सञ्चालन हुन सेकेका छैनन् । व्यापार व्यवसाय तथा अन्य कामका लागि यो बाटो भएर दैनिक यात्रा गर्नेहरूको संख्या ठूलो रहेको छ । सामान ओसारप्रसार गर्नका लागि समेत पुल नहुँदा समस्या परेको छ ।

यता ठेकेदार कम्पनीका सुपरभाइजर पंकज राज पाण्डेले विभिन्न चरणमा सडक डिभिजन कार्यालयले बजेट निकासी नगरिदिँदा काम रोकिएको बताएका छन् । कुल सात करोड ४२ लाखको लागतमा निर्माण शुरु गरिएको पुल ४२ मिटर लम्बाइको रहेको छ । पुलको नेपाली कांग्रेस रूपन्देहीका सभापति तथा प्रदेश सांसद अब्दुल रज्जाकले शिलान्यास गरेका थिए ।

# सर्लाहीमा भ्यान दुर्घटना, एकको मृत्यु

**सर्लाही/मस** – सर्लाहीको बरहथवामा सोमबार पिकअप भ्यान दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । बरहथवाबाट चक्रघट्टातर्फ गइरहेको प्रदेश-२-०३-००१ ख ३५२३ नम्बरको पिकअप हिरापुर-मलंगवा सडकखण्ड अन्तर्गत बरहथवा नगरपालिका-१२, लौकठमा दुर्घटनामा परेको हो ।

दुर्घटनामा बाराको महागढीमाई नगरपालिका-८ बस्ने २० वर्षीय सचिव पासवानको उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायब उपरीक्षक (डीएसपी) मकेन्द्रकुमार मिश्रले जानकारी दिए । दुर्घटनामा घाइते बाराकै १४ वर्षीय विश्व पासवान र १३ वर्षीय विवेक पासवानको उपचार जारी छ ।

दुर्घटनामा संलग्न पिकअप भ्यानका चालक प्रहरी नियन्त्रणमा छन् । जेनेरेटर र ग्याँस चुल्होलगायतका सामग्री बोकेर हिँडेको भ्यान दुर्घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको डीएसपी मिश्रले बताए ।

## काठ लिलामी बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०२/२३

जिल्ला डडेल्धुरा परशुराम नगरपालिका वडा नं. ५ मा रहेको यस सा.व.उ.स. को वन क्षेत्रबाट आ.व. २०७८/०७९ मा महाकाली लोकमार्ग रेखाङ्कनमा कटान भएका रुखहरूबाट उत्पादन भइ परशुराम न.पा. वडा नं. ५, परिगाउँमा घाटगाडी गरी राखिएको गोलिया काठ डिभिजन वन कार्यालय डडेल्धुराको च.नं. २२७० मिति २०८०/२/१८ गतेको पत्रानुसार व्यापारिक प्रयोजनका लागि बिक्री सहमति बमोजिम ल.न. १/२०७९-०८० को साल गोलिया थान १७० को १४८९.८१ क्यु. फिट, जामुन गोलिया थान २६ को ३६५.८७ क्यु. फिट, बरौं गोलिया थान ५ को ५२.९१ क्यु. फिट, बोधय गोलिया थान २ को १२.९२ क्यु. फिट र बाकुली गोलिया थान ३ को १६.५४ क्यु. फिट गरी जम्मा गोलिया थान २०६ को १९३७.६५ क्युफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ । गोलिया काठ चिरान गर्ने स:मिल तथा गोलिया काठ कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाइउड कम्पनीले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र फर्मको कागजात सहित बोलपत्र खरिद गरी २२ औं दिन भित्र यस समूहमा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री परशुराम बांगघाट महिला सामुदायिक वन उपभोक्ता समूह, परशुराम एन.पा. वडा नं. ५, परिगाउँ, डडेल्धुरा**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/०४/२० मा दर्ता भएको **प्रा.लि. नं. ३६६७४७** को **इन्ट्राटेक टेक्नोलोजिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयमा मिति २०८०/०२/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Skyways Bureau Services Pvt. Ltd.** श्रम इजाजत पत्र न. ८७/०६६/०६७ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरूसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन सबै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा अनुरोध गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | अलिशा वास्ताकोटी | Documentation | 31-01-76-04066 |
| २. | अञ्जली मग्राति | Documentation | 44-01-76-06059 |

**Skyways Bureau Services Pvt. Ltd.**
साविकको नाम: सोसाइटल ओभरसिज सर्भिसेज प्रा. लि.
Gov. Lic. No. 87/066/067
पो.ब.नं. ३५३, बद्री कोलनी, सुकेधारा, काठमाडौं, फोन नं. ४३७०१०१, ४३७६७०२
फ्याक्स: ४३७६११२, Email : info@skywaysnepal.com, www.societaloverseas.com

# UAE र कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: KUWAIT FOOD CO. AMERICANA L.L.C.**
पूर्व स्वीकृत मिति: २०७९/०२/३० चलानी नं.: ६०१८०५१४ L.T. No.:264946 शहर: UAE पुनर्विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waitress | 0 | 16 | | 1200 | ४२,९३६ | | | | | | | |

१. कम्पनी: **KUWAIT FOOD COMPANY - AMERICANA** शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०९/०५ चलानी नं.: ६०१९३५५१ L.T. No.:278002 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 100 | 74 | स. काममा दक्ष | 120 | ५१,२५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय, कुपन्डोल, ललितपुरमा धमाधम भैरहेको छ ।**

**फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० जेठ ३० गते (13 June 2023) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Gov. Lic. No. 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

# साउदीमा रोजगार |

कम्पनी: **NABATAT CONTRACTING COMPANY** हर : DAMMAM
पूर्व स्वीकृत मिति: २०७९/०७/२८ चलानी नं.: ६०१९११८४ LT. No.:275606 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe Compounder | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manufacturing Workers | 2 | 0 | | 1000 | ३५,०३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३० र ३१ गते (13 & 14 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com

# साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: **THE AMAZING COFFEE CUP CAFE TO SERVE DRINKS** शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२५९७ L.T. No.: 287231

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४२,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **ORIENTAL HOUSE CAFE TO SERVE DRINKS** शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२६०१ L.T. No.: 287227

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Classifier | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४५,५३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Food And Beverage Counter Worker | 1 | 0 | | 1200 | ४२,०३६ | | | | | | | |

३. कम्पनी: **SARAH AHMED BIN AHMED AL-OBAID HAIRDRESSING SALON** शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२५९९ L.T. No.: 287229

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: **AL-KHANFAH MACHINERY AND MACHINERY REPAIR WORKSHOP** शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२५९८ L.T. No.: 287230

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Mechanic | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७०,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Equipment Mechanic | 1 | 0 | | 2000 | ७०,०६० | | | | | | | |
| 3. | Heavy Truck Driver | 1 | 0 | | 1800 | ६३,०५४ | | | | | | | |

५. कम्पनी: **MIX OCEAN SEAFOOD RESTAURANT (JOUD DEIF ALLAH SALAMAH AL-AZMI SEAFOOD RESTAURANT)** शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२५९६ L.T. No.: 287232

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1100 | ३८,५३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: **RASMALA MARKETING CONTRACTING EST** शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२६०० L.T. No.: 287228

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Distribution Network Electrician | 6 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७०,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 3 | 0 | | 1800 | ६३,०५४ | | | | | | | |
| 3. | Driver Heavy Equipment | 2 | 0 | | 1800 | ६३,०५४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३० गते (13 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**यस Rasmala Marketing मा (Diploma in electrician) लाई विशेष प्राथमिकता दिईनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

# साउदीमा रोजगार |

कम्पनी: **AL DAWLAJ TRADING EST.** शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७८/१२/११ चलानी नं.: ६०१७६५५७ LT. No.:260293 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING UNLOADING LABOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **DAHIYA BINT HAMAD BIN GHADIF AL ANZI BEVERAGES SERVICES STORE** शहर: Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०२/०७ चलानी नं.: ६०२०१७७८ LT. No.: 286424 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 1 | 0 | | 1000 | ३५,०३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३० गते (13 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्नेख | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ईमास्को नेपाल प्रा. लि.**
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५७७०८
फ्याक्स नं.: ४३५७७०८, Mob.: 984319890, 9803140917

# UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: **AL ATHAR RECRUITMENT SERVICE** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०१/२१ चलानी नं.: ६०२००९३९ LT. No.: 285514 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accounting Clerk | 2 | 0 | स. काममा दक्ष | 1500 | ५३६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Administrative Supervisor | 0 | 2 | | 2000 | ७१५६० | | | | | | | |
| 3. | Black Smith | 1 | 0 | | 1300 | ४६५१४ | | | | | | | |
| 4. | Brick Layer Assistant | 12 | 0 | | 1100 | ३९३५८ | | | | | | | |
| 5. | Building Labor | 1 | 0 | | 800 | २८६२४ | | | | | | | |
| 6. | Claner | 1 | 0 | | 800 | २८६२४ | | | | | | | |
| 7. | Concrete Mason | 10 | 0 | | 1300 | ४६५१४ | | | | | | | |
| 8. | Construction Carpenter | 1 | 0 | | 1300 | ४६५१४ | | | | | | | |
| 9. | Tile Layer | 5 | 0 | | 1300 | ४६५१४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३० गते (13 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**P.T.SWIFT HR MANAGEMENT PVT. LTD**
श्रम ईजाजत नं. १५६६/०७९/०८०
Dhumbarai-4, Kathmandu (Opposite of Vibor Hotel),
Landline No.: 01-5915721, Email: ptswifthr11@gmail.com
Contact No.: 9823668160 | 9851180471

# साउदीमा रोजगार |

कम्पनी: **FARAJ FAHAD AL DOSSARY CONTRACTING COMPANY** शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२५६३ L.T. No.:287220

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

# युएईमा रोजगारको अवसर |

कम्पनी: **GLOBAL SECURITY SERVICES LLC** शहर: UAE,Abu Dhabi
पूर्व स्वीकृत मिति: २०७९/१०/२७ चलानी नं.: ६०१९६३९१ L.T. No.: 280904 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 11 | 0 | स. काममा दक्ष | 2000 | ७१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३० गते (13 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- युएईको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# साउदीमा रोजगार |

१. कम्पनी: **Mansour Faraj Muhammad Al-Faraj Foundation to provide meals** शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८०/०२/२१ चलानी नं.: ६०२०२५७० L.T. No.: 287165

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 2 | 0 | | 1400 | ४९,०४२ | | | | | | | |

२. कम्पनी: :GOLDEN OSOUL FOUNDATION FOR GENERAL CONTRACTING शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२५६९ L.T. No.: 287218

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३० गते (13 June 2023) मा हुनेछ ।**

